# १.४ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७० सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (प्रथम पत्र) मा सोधिएको संकलित प्रश्नहरूको समाधान

## सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

## (General Knowledge & General Mental Ability)

### सामान्य ज्ञान (General Knowledge) (३० × २ = ६० अंक)

1. इस्लाम धर्मग्रन्थको नाम के हो ? ☛ कुरान
2. तलका कथनहरूमध्ये कुनचाहिँ बेठीक छ ?
   (A) योगनरेन्द्र मल्लका साथ उनको ३१ रानी सति गए ।
   (B) नेपालमा शासन गर्ने पहिलो वंश गोपाल मानिन्छ ।
   (C) नुवाकोट दरबारलाई नौल्छे दरबार पनि भनिन्छ ।
   (D) नेपाल सरकार र नेकपा (माओवादी) बीच मिति २०६८/८८ मा विस्तृत शान्ति सम्झौता भएको हो ।
   ☛ (C) नुवाकोट दरबालाई नौल्छे दरबार पनि भनिन्छ
3. कुन पूजा यमपञ्चक भित्र पर्दैन ? ☛ भूमि पूजा
4. 'द राइजिङ नेपाल' का प्रथम सम्पादक को थिए ? ☛ वरुण शमशेर
5. रुसमा भएको सन् १९१७ को अक्टोबर क्रान्ति कुन पार्टी/नेताको नेतृत्वमा भएको हो ?
   ☛ बोल्सेभिक/लेलिन
6. महादेवका तीन नेत्रले केके बुझाउँछ ? ☛ अग्नि, सूर्य, चन्द्र
7. नेपालमा उखु खेती तराई, पहाड तथा .............. मा गरिन्छ । ☛ टारहरू
8. नेपालको कुल क्षेत्रफलको कति प्रतिशत भूभाग तराई प्रदेशले ओगटेको छ ?
   ☛ १७ प्रतिशत
9. समूह I र समूह II मा जोड मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।

| समूह I | | समूह II | |
|---|---|---|---|
| a. | उत्तर अमेरिका | 1. | रकी पर्वत |
| b. | दक्षिण अमेरिका | 2. | किलिमन्जरो पर्वत |
| c. | यूरोप | 3. | एन्डिज पर्वत |
| d. | अफ्रिका | 4. | यराल पर्वत |

| | a | b | c | d |
|---|---|---|---|---|
| (A) | **1** | **2** | **3** | **4** |
| (B) | 2 | 4 | 3 | 1 |
| (C) | 4 | 1 | 2 | 3 |
| (D) | 3 | 4 | 1 | 2 |

10. क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो मरुभूमि कुन हो ? ☛ अरेबियन

Question Bank Nepal

11. संयुक्त राष्ट्रसंघको सदस्यता त्याग गर्ने पहिलो राष्ट्र कुन हो ? ☛ इण्डोनेशिया

12. ASEAN को सन् २०११ मा भएको शिखर सम्मेलन कुन देशमा भएको थियो ? ☛ इण्डोनेशिया

13. व्यवस्थित रुपमा जनगणना लिने कार्य वि.सं. १९६८ देखि सुरु भएको हो, सो जनगणना कुन संस्थाले लिएको हो ? ☛ सेन्सस गोश्वारा

14. नेपालमा कति माइक्रोनभन्दा कमको प्लाष्टिक उत्पादनमा रोक लगाइएको छ ? ☛ 20 माइक्रोन

15. समूह I र समूह II मा जोड मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।

| समूह I | समूह II |
|---|---|
| a. विक्रमशीला बिहार | 1. श्रीलंका |
| b. ताम्रशिला बिहार | 2. पाकिस्तान |
| c. तक्षशिला बिहार | 3. भारत |
| d. स्वयम्भु बिहार | 4. नेपाल |

☛ a-3, b-1, c-2, d-4

16. जैविक विविधता सम्बन्धी सन्धी कुन सम्मेलनमा प्रस्तुत गरिएको थियो ? ☛ रियो सम्मेलन

17. पातहरू हल्लिँदा कति डेसिवल ध्वनि उत्पन्न हुन्छ ? ☛ 10 डसिबल

18. रुख सम्बन्धी अध्ययन गर्ने विज्ञानलाई के भनिन्छ ? ☛ Arboriculture

19. 'इन्सुलिन' कुन विषयसँग सम्बन्धित छ ? ☛ मधुमेह

20. अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय कहाँ छ ? ☛ पोखरा

21. नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति कहिले सार्वजनिक गऱ्यो ? ☛ २०६८ श्रावण ५ गते

22. अल्पसंखयक राजी जातिको मुख्य बसोबास रहेको जिल्ला कुन हो ? ☛ दाङ

23. चार विनायकमा कुन पर्दैन ? ☛ सिद्धि विनायक

24. कुन ग्रहलाई पृथ्वीको जुम्ल्याहा ग्रह भनिन्छ ? ☛ शुक्र

25. भिटामिन 'सी' को कमीले कुन रोग लाग्छ ? ☛ स्कर्भी

26. नासाको भू-उपग्रह कहिले र कुन महासागमार खसालिएको छ ? ☛ सेप्टेम्बर २४, प्रशान्त महासागर

27. काग सम्मेलन कोसँग सम्बन्धित छ ? ☛ गौतम सापकोटा

28. अमेरिकाले औपचारिक रुपमा इराक युद्ध अन्त्य भएको घोषणा कहिले गरेको थियो ? ☛ December 15, 2011

29. अतिक कम विकसित (LDCs) मुलुकहरूको चौथो सम्मेलन कहाँ भएको थियो ? ☛ इस्तानवुल (टर्की)

30. निम्नलिखित मध्ये कुन ठीक हो/हुन् ?
   1. नेपालको सबैभन्दा लामो हिमनदी खुम्बु हो ।
   2. जगदीशपुर ताल कपिलवस्तुमा पर्दछ ।
   3. सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज खप्तड हो ।

   माथि उल्लेखिअनुसार निम्नलिखितमा सही उत्तर कुन हो/हुन् ?

☛ (B) only 1 and 2

Question Bank Nepal

## सामान्य बौद्धिक परीक्षण (General Mental Ability Test)

(२० × २ = ४० अंक)


31. साइकल दौडमा सविना आठौं भइन् । उनी अन्तिम सहभागीदेखि गन्दा सातौं पर्छिन् भने दौडमा कतिजना सहभागी थिए ? ☛ **14**

32. EARTH शब्दलाई 314662 र NEARLY शब्दलाई 831257 कोड गरिएको छ भने HEALTHY को के हुन्छ ? ☛ **2315627**

33. खाली ठाउँ भर्नुहोस् ।
42 : 20 :: 60 : ? ☛ **31**

34. यदि AMBER शब्दलाई 13257 ले र ROCKEY लाई 760859 ले कोड गरिन्छ भने KEYBOAR को कोड के हुन्छ ? ☛ **8592617**

35. दिइएका विकल्पहरू मध्येबाट छोडिएको संख्या पत्ता लगाउनुहोस् ।




(A) 108 (B) 144 (C) 162 (D) 216


☛ **(C) 162**

36. तल दिइएको अक्षरको श्रेणी क्रममा केही अक्षरहरू हराएका छन् । सो क्रमलाई पूरा गर्न तल दिइएको विकल्प मध्ये सही विकल्प छानी क्रमलाई पूरा गर्नुहोस् ।
__bc__ca___aba__c__ca
(A) abcbb (B) bbbcc (C) bacba (D) abbcc

☛ **(A) abcbb**


37. तल दिइएका समस्या चित्रमा 1-4 पछि के आउँछ, A-D चित्रबाट छान्नुहोस् ।

**Problem figures:**



1 2 3 4

**Answer figures:**



(A) (B) (C) (D)

Question Bank Nepal

38. माकुरो ↔ जालोको जोडी भएझैं दिइएको मध्ये कुन जोडी एक अर्कासँग सम्बन्धित छन् ?

(A) मसी ↔ कलम (B) भाले ↔ पोथी
(C) शिक्षक ↔ विद्यार्थी (D) कवि ↔ कविता


☛ **(A) मसी ↔ कलम**

39. यदि संकेतको भाषामा CAT लाई SACT लेखिन्छ, तथा DEAR लाई SEARD लेखिन्छ, भने SIND लाई उक्त संकेतको भाषामा के लेखिएला ?

(A) BGINS (B) SINGS (C) SGNIS (D) GNISS

☛ **(B) SINGS**

40. तल दिइएका चित्रमध्ये कुनले कक्षा, कालोपाटी र स्कुलको सम्बन्ध सही रुपले जनाउँछ ?



(A) (B) (C) (D)

41. समूहमा नमिल्ने कुन हो, पत्ता लगाउनुहोस् ।

(A) बासुरी (B) गिटार (C) सितार (D) भाइलिन

☛ **(A) बासुरी**

42. तल दिइएका मेट्रिक्स पूरा गर्नुहोस् ।

| | | |
|---|---|---|
| 10 | 11 | 12 |
| 22 | 24 | 26 |
| 36 | 39 | ? |

(A) 42 (B) 43 (C) 44 (D) 45

☛ **(A) 42**


43. '::' चिन्ह अगाडि भएका संख्याहरूको सम्बन्ध अनुसार :: चिन्ह पछाडि हराएका संख्याम पत्ता लगाउनुहोस् ।


25:125::36:

(A) 180 (B) 206 (C) 216 (D) 318 ☛ **(C) 216**

Question Bank Nepal

44. दिइएको मेट्रिक्स पूरा गर्नुहोस् ।






(A) (B) (C) (D)

45. एक चिडियाखानामा रहेका हरिण र मयूरको टाउकोको संख्या गन्दा 80 छ र खुट्टाहरू गन्दा 200 हुन्छ भने उक्त चिडियाखानमा कतिवटा मयूर रहेका छन् ?

(A) 20 (B) 30 (C) 50 (D) 60

☛ **(D) 60**

46. तल दिइएको चित्रमा कतिवटा वर्गहरू बन्दछन् ?



(A) 18 (B) 14 (C) 10 (D) 9

☛ **(B) 14**

47. तल दिइएको चित्रमध्ये एउटा अरूभन्दा फरक छ त्यो कुन हो ? छुट्याउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| **P** | **E** | **I** | **O** | **U** |
| (A) | (B) | (C) | (D) | (E) |

☛ **(A)**

नोट : सामान्य ज्ञान र साधारण बौद्धिक परीक्षण (प्रथम पत्र) को प्रश्नपत्र समेत परीक्षार्थीले उत्तरपुस्तिकासँगै अनिवार्य रुपमा लोक सेवा आयोगलाई फिर्ता गर्नुपर्ने हुदाँ माथी उल्लेखित प्रश्नहरू विभिन्न परीक्षार्थीहरूको स्मरण तथा पुस्तक, पत्रपत्रिकाका आधारमा संकलन गरिएको हो ।



Question Bank Nepal

## १.५ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७१ सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (प्रथम पत्र) मा सोधिएको संकलित प्रश्नहरूको समाधान

प्रत्र : पथम

विषय : सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

(General Knowledge and General Mental Ability Test)

वस्तुगत बहुउत्तर (५० × २ = १०० अंक)

**सामान्य ज्ञान (General Knowledge) ------------------------- 30 × 2 = 60 Marks**

1. अन्तर्राष्ट्रिय श्रम संगठनको प्रधान कार्यालय कहाँ रहेको छ ?

☛ **जनेभा, स्वीजरल्याण्ड**

2. नेपालमा संरक्षित स्तनधारी वन्यजन्तुको संख्या.......... छन् ?
(A) 13 (B) 19 (C) 25 **(D) 27**

3. तलका मध्ये कुन चाँहि दीगो विकासको अवधारणा होइन ?
(A) गुणस्तरीय विकास (B) अन्तरपुस्ता समन्याय
(C) टिकाउ विकास (D) सहस्राव्दी विकास

☛ **(D) सहस्राव्दी विकास**

4. "लोक्ताको जिल्ला" र "झोलुङ्गे पुलको जिल्ला" भनी कुन जिल्लालाई जनाउँछ ?

☛ **बाग्लुङ्ग**

5. List -I र List - II बीच जोडा मिलाउनुहोस् र सही उत्तर छनोट गर्नुहोस् ।

| List - I | List - II |
|---|---|
| (a) डोल्पा | (1) व्यासको जन्मभूमि |
| (b) बाग्लुङ | (2) स्वर्गद्वारी |
| (c) तनहुँ | (3) यसको आकार नेपालको नक्सा जस्तो छ |
| (d) प्युठान | (4) नेपालको सबैभन्दा ठूलो जिल्ला क्षेत्रफलको हिसाबले |

☛ **a-4, b-3, c-1, d-2**

6. नेल्सन मण्डेलाको निधन कहिले भएको थियो ?

☛ **Dec-5, 2013**

7. नेपालको इतिहासमा पहिलोपटक राष्ट्रव्यापी जनमत संग्रह कहिले भएको थियो ?

☛ **वि.सं. २०३७ वैशाख २०**

8. नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौतामा कहिले हस्ताक्षर भएको थियो ?

☛ **2063/8/5 B.S.**

9. कृषि गणना, २०६८ अनुसार सबैभन्दा बढी र कम कृषियोग्य क्षेत्रफल भएका नेपालका जिल्लाहरु क्रमशः कुन कुन हुन् ?
(A) मोरङ र मनाङ (B) झापा र मुस्ताङ
(C) सर्लाही र डोल्पा (D) सुनसरी र हुम्ला

☛ **मोरङ्ग र मनाङ**

Question Bank Nepal

10. बहुप्रचलित facebook नामको सामाजिक सञ्जालको शुरुवात विश्वमा कहिलेदेखि भएको हो ? ☛ **2004 AD**

11. List -I र List - II बीच जोडा मिलाउनुहोस् र सही उत्तर छनोट गर्नुहोस् ।

| List - I | List - II |
|---|---|
| (a) कौरा नाच | (1) तामाङ |
| (b) भोटेशेलो | (2) मगर |
| (c) ट्राहोटे पर्व | (3) व्यांसी |
| (d) बडानी पूजा | (4) गुरुङ |

☛ **a-2, b-1, c-4, d-3**

12. बौद्ध धर्मको ग्रन्थ त्रिपिटकमा तलको मध्ये कुन पिटक पर्दैन ?
(A) शुक्ति पिटक (B) विनय पिटक
(C) अभिधम्म पिटक (D) वृद्धि पिटक

☛ **(D) वृद्धि पिटक**

13. सुरेल जातिको बसोबास मुख्यत: कुन जिल्लामा छ ?

☛ **दोलखा**

14. तामाङ जातिको संस्कृति परम्परा आदिको संरक्षण गर्ने उद्देश्यले स्थापित तामाङ संग्रहालयको स्थापना कुन जिल्लामा गरिएको छ ? ☛ **रसुवा**

15. तेह्रौ योजना (2070/71 - 072/73) मा वार्षिक औसत आर्थिक वृद्धिदर कति हासिल गर्ने लक्ष्य रहेको छ ? ☛ **6%**

16. भिजन - 2005................. सँग सम्बन्धित छ ।

☛ **पर्यटन**

17. सबैभन्दा बढी अक्सिजन दिने रुख कुन हो ? ☛ **पीपल**

18. "प्रत्येक क्रियामा जहिले पनि बराबर तर विपरित प्रतिक्रिया हुन्छ" यो न्यूटनको गतिको कुन चाँहि नियम हो ? ☛ **तेस्रो नियम**

19. पृथ्वीलाइं आफ्नो अक्षमा एकपटक घुम्न लाग्ने समयलाई के भनिन्छ ?

☛ **सौर्य दिन**

20. मरुभूमि नभएको विश्वको एकमात्र महादेश कुन हो ? ☛ **यूरोप**

21. "नाइल नदीको वरदान" भन्नाले कुन देशलाई चिनाउँछ ? ☛ **इजिप्ट**

22. जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छनौट गर्नुहोस् ।

| शिखर (Peak) | उचाइ (मिटरमा) |
|---|---|
| (a) कंचनजंघा | (1) 8586 |
| (b) चोयु | (2) 8516 |
| (c) मकालु | (3) 8463 |
| (d) ल्होत्से | (4) 8201 |

☛ **a1, b4, c3, d2**

23. नेपालको उत्तर दक्षिण सरदर चौडाइ ......... किलोमिटर छ ?

☛ **193 KM**

24. फिफा विश्वकप ट्रफीलाई दशरथ रंगशाला, काठमाडौंमा राष्ट्रपति डा. रामवरण यादवले कहिले स्पर्श गर्नु भएको थियो ? ☛ **2013 Dec 21**

Question Bank Nepal

25. पुबुदु दसानायके कुन खेलसँग सम्बन्धित छन् ?

☛ क्रिकेट

26. युरो - 1 तलको................सँग सम्बन्धित छ। ☛ सवारी साधन

27. List - I र List - II बीच जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस्।

| List - I | List - II |
|---|---|
| (a) अमर न्यौपाने | (1) अन्तरमनको यात्रा |
| (b) कृष्ण धारावासी | (2) पल्पसा क्याफे |
| (c) जगदीश घिमिरे | (3) राधा |
| (d) नारायण वाग्ले | (4) सेतो धरती |

☛ **a-4, b-3, c-1, d-2**

28. भारतमा महात्मा गान्धीको नेतृत्वमा भारतछोड आन्दोलन कहिले भएको थियो ?

☛ **1942 AD**

29. नेपालको वि.सं. २०६८ को जनगणनाको आधारमा समूह I र समूह II बीच जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस्।

| समूह I धर्म | समूह II कुल जनसंख्याको प्रतिशत |
|---|---|
| (a) इस्लाम | (1) 3.0 |
| (b) क्रिस्चियन | (2) 4.4 |
| (c) बौद्ध | (3) 1.4 |
| (d) किराँत | (4) 9.0 |

| | a | b | c | d |
|---|---|---|---|---|
| (A) | 1 | 4 | 2 | 3 |
| (B) | 3 | 2 | 1 | 4 |
| **(C)** | **2** | **3** | **4** | **1** |
| (D) | 4 | 1 | 3 | 2 |

30. विश्व प्रसिद्ध नोबेल पुरस्कार जम्मा कति वटा विधामा दिइन्छ ? ☛ **6**

## 2. सामान्य बौद्धिक परीक्षण

## (General Mental Ability Test) --------- 20× 2 = 40 Marks

31. पाँच विषयको औसत अंक 61.4 छ। यदि पहिलो तीन विषयको औसत अंक 57 र पछिल्लो तीन विषयको औसत अंक 69 छ भने तेश्रो विषयको अंक कति होला ?

☛ **71**

32. यदि BIRD को कोड 3471, KITE को कोड 5406 र BEAR को कोड 3687 हो भने DUCK को के होला ? ☛ **1295**

33. 27, 18, 9 सँग मिल्दो कुन विकल्प (alternative) छ ?

(A) 7, 14, 21 (B) 9, 18, 27 (C) 8, 16, 24 (D) 15, 10, 5

☛ **(D) 15, 10, 5**

Question Bank Nepal

34. एउटा बगैचामा 27 गुलाफको गमलाहरु क्रमैले सजाइएका छन् र त्यसपछि सयपत्री फुलका गमलाहरु त्यस्तै गरी सजाइएका छन् । यदि 8 वटा गुलाफ फूलहरु गमलाहरु हटाइए भने सयपत्री फूलका पहिलो गमला शुरु देखिको कुन स्थानमा होला ?
(A) 28th (B) 26th (C) 20th (D) $19^{th}$

☛ **(C) 20th**

35. A र B कुनै निश्चित विन्दुबाट विपरित दिशातर्फ हिँडे । दुवै जना 5 कि.मि. हिँडे पछि A दाँया फर्के 3 कि.मि. हिँडे भने B देब्रे तिर 3 कि.मि. हिँडे । यस अवस्थामा तल दिइएका कुन चाँहि कथन गलत छ ?
(A) दुवैजना विपरित दिशातर्फ हिँडेका छन् ।
(B) उनीहरु एकअर्कामा 10 कि.मि. टाढा छन् ।
(C) दुवै शुरुको विन्दुबाट समान रुपमा टाढा छन् ।
(D) A 8 कि.मि. हिँडे ।

☛ **(A) दुवैजना विपरित दिशातर्फ हिँडेका छन् ।**

36. तल दिइएको संख्याको क्रममा 7 को लगत्तै पछि 4 आउने तर 7 को ठिक अगाडि 8 नआउने अवस्था कति पटक हुन्छ ?
5 4 7 8 9 7 4 3 8 7 5 7 4 8 7 4 1 2 7 4 5 7 9 4
(A) Three (B) One (C) Five (D) Seven

☛ **(A) Three**

37. गाई र कुखुराको एक समूहमा जम्मा खुट्टाहरुको संख्या जम्मा टाउकाको संख्या भन्दा दुई गुणा र 14 (चौध) ले बढी छ भने त्यस समूहमा गाईको संख्या कति छ ?
(A) 5 (B) 7 (C) 10 (D) 12

☛ **(B) 7**

38. मेक्ट्रिस पूरा गर्नुहोस् ।

| | | |
|---|---|---|
| 2 | 4 | 16 |
| 3 | 9 | 81 |
| 4 | 16 | ? |

(A) 246 (B) 252 (C) 256 (D) 258

☛ **(C) 256**

39. तल दिइएको क्रममा मिल्ने विकल्प छनोट गर्नुहोस् ।
A, C, F, ?, O
(A) D (B) J (C) M (D) K

☛ **(B) J**

40. दिइएको संख्याहरुको क्रमबाट गलत संख्या पत्ता लगाउनुहोस् ।
1, 2, 6, 15, 31, 56, 91
(A) 31 (B) 91 (C) 56 (D) 15

☛ **(B) 91**

41. नमिल्ने पत्ता लगाउनुहोस् ।
396, 462, 572, 396, 427, 671, 264
(A) 396 (B) 427 (C) 671 (D) 264

☛ **(B) 427**

Question Bank Nepal

42. यदि 'PREOCCUPATION' शब्दको पहिलो, तेश्रो, नवौं र तेह्रौ अक्षरहरु नदोहोराइकन अर्थपूर्ण शब्द बनाउने हो भने, कति वटा शब्दहरु बनाउन सम्भव होला ?

☛ **5**

43. Candle : Wick

(A) Hammr : Nail (B) Light : Bulb

(C) Oven : Fire (D) Bicycle : Wheel


☛ **(A) Hammr : Nail**

44. यदि ADVIC को कोड ABUJA लेखिन्छ भने ADIIE को कोड के हुन्छ ?

(A) ABHIA (B) ABICI (C) ABHIC (D) ABIDE

☛ **(C) ABHIC**


45. समूहमा नमिल्ने चित्र पत्ता लगाउनुहोस् ।




(A) (B) (C) (D)

☛ **(D)**

46. मेट्रिक्स पूरा गर्नुहोस् ।






(A) (B) (C) (D)

☛ **(A)**


47. तलको चित्रमा कति वटा कोणहरु छन् ?




☛ **8**

Question Bank Nepal

48. खाली ठाउँमा मिल्ने गरी A, B, C, D मध्येबाट एउटा चित्र छान्नुहोस् ।





(A) (B) (C) (D)

☛ **(B)**

49. चित्र (X) मा दिइएका टुक्राहरुबाट A, B, C र D मध्ये कुन चित्र बनाउन सकिन्छ, पत्ता लगाउनुहोस् ।



(X)




(A) (B) (C) (D)

☛ **(B)**


50. तल Problem figure र Answer figure रहेका छन् त्यसमा Problem figure को अन्तिम नम्बर पछि के आउँछ ? Answer figure बाट छान्नुहोस् ।

**Problem Figure**



1 2 3 4

**Answer Figure**



(A) (B) (C) (D)

☛ **(B)**

नोट : सामान्य ज्ञान र साधारण बौद्धिक परीक्षण (प्रथम पत्र) को प्रश्नपत्र समेत परीक्षार्थीले उत्तरपुस्तिकासँगै अनिवार्य रुपमा लोक सेवा आयोगलाई फिर्ता गर्नुपर्ने हुदाँ माथी उल्लेखित प्रश्नहरू विभिन्न परीक्षार्थीहरूको स्मरण तथा पुस्तक, पत्रपत्रिकाका आधारमा संकलन गरिएको हो ।

Question Bank Nepal

## १.६ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी). २०७१/२/२५ सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (प्रथम पत्र) मा सोधिएको संकलित प्रश्नहरुको समाधान

प्रत्र : पथम

विषय : सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

(General Knowledge and General Mental Ability Test)

वस्तुगत बहुउत्तर (५० × २ = १०० अंक)

सामान्य ज्ञान (General Knowledge) ------------------------ 30 × 2 = 60 Marks

1. नेपालले "नेपाल पर्यटन वर्ष" कहिले मनाएको थियो ? ☛2011 AD
2. सबैभन्दा बढी धान फल्ने जिल्ला कुन हो ? ☛झापा
3. "टेनिन" तत्व के मा पाइन्छ ? ☛चिया
4. समूह I र समूह II मा जोडा मिलाउनुहोस् र सही उत्तर छान्नुहोस् ।

| समूह I | | समूह II | |
|---|---|---|---|
| a. | विद्युतका पिता | 1. | अल्वर्ट आइन्सटाइन |
| b. | आविस्कारका पिता | 2. | अलेक्जेन्डर ग्राम वेल |
| c. | सापेक्षतावादको सिद्धान्त | 3. | माइकल फराडे |
| d. | टेलिफोन | 4. | थोमस अल्वा एडिसन |

☛a-3, b-4, c-1, d-2

5. USB को अर्को नाम के हो ? ☛Pen Drive
6. वि.सं. २०७० को मदन पुरस्कार कसले प्राप्त गऱ्यो ? ☛राधा पौडेल
7. नेपालका कुन कुन जिल्लामा गाउँ विकास समिति छैनन् ? ☛काठमाडौं र भक्तपुर
8. 8500 मिटर भन्दा माथिका नेपालमा कति ओटा हिमाल छन् ? ☛3 ओटा
9. अभिभावकको मञ्जुरी बिना विवाह गर्ने उमेरको हद कति हो ? ☛२० वर्ष
10. हिन्दु धर्ममा वेद कति ओटा छन् ? ☛4 ओटा
11. कुन ग्रहलाई "प्रमुख र सुन्दरताकी देवी" भनिन्छ ? ☛शुक्र
12. तेह्रौं योजनाको आर्थिक वृद्धिको लक्ष्य कति छ ? ☛ 6.0%
13. ओजोन तह कुन तत्वबाट बनेको हुन्छ ? ☛अक्सिजन
14. वातावरण संरक्षण ऐन, २०५३ अनुसार जैविक विविधता भन्नाले :
    (A) वंशानुगत विविधता (B) प्रजातीय विविधता
    (C) पारिस्थितिकीय प्रणाली (D) माथिका सबै
    ☛ (D) माथिका सबै
15. नेपालमा कति प्रजातिका लालीगुराँसहरु पाइन्छन् ? ☛32
16. नेपालको चुरे पर्वतको सर्वोच्च चुचुरा कुन हो ? ☛गार्वा
17. नेपालको संविधान सभामा सरकारबाट मनोनित सदस्य संख्या कति हुने व्यवस्था छ ? ☛26 जना
18. नेपालको कुन जातिलाई "उराव" भनिन्छ ? ☛किसान

Question Bank Nepal

19. वि.सं. २००७ साल पूर्व नेपालसँग दौत्य सम्बन्ध कायम नभएको देश कुन हो ?
(A) बेलायत (B) अमेरिका (C) भारत (D) चीन
☛ (D) चीन

20. "साप्टा" अनुमोदन गर्ने अन्तिम राष्ट्र कुन हो ? ☛ माल्दिभ्स

21. 'दास क्यापीटल' का लेखक को हुन् ? ☛ कार्लमार्क्स

22. विश्वको सबैभन्दा ठूलो भूपरिवेष्ठित मुलुक कुन हो ? ☛ काजकस्तान

23. क्षेत्रफलका हिसाबले तेस्रो ठूलो महादेश कुन हो ? ☛ उत्तर अमेरिका

24. ल्होत्से हिमालको उचाइ कति छ ? ☛ 8516 Meter

25. क्षेत्रफलको हिसाबले पूर्वाञ्चल विकास क्षेत्रको सबैभन्दा सानो जिल्ला कुन हो ?
☛ तेह्रथुम

26. कुन दिनलाई विश्व भन्सार दिवसको रुपमा मनाइन्छ ? ☛ January 26

27. सन् २०१३ मा काठमाडौंमा भएको आठौं साफ च्याम्पियनसीप कुन राष्ट्रले उपाधि जित्यो ? ☛ अफगानिस्तान

28. आठ ओटा ग्रहहरुमध्ये सबैभन्दा तातो र सबैभन्दा चम्किलो ग्रह (The brightest and hottest plannet) भन्नाले कुन ग्रहलाई जनाउँछ ? ☛ शुक्र (Venus)

29. औद्योगिक क्रान्तिको सुरुवात कुन देशबाट भएको थियो ?
☛ संयुक्त अधिराज्य

30. पाल्पाका अन्तिम राजा को हुन् ? ☛ पृथ्वीपाल सेन


## 2. सामान्य बौद्धिक परीक्षण
### (General Mental Ability Test) --------- 20× 2 = 40 Marks

31. यदि 23 ⊕ 45 = 28 र 79 ⊕ 13 = 40 हुन्छ भने 56 ⊕ 82 = ?
(A) 34 (B) 42 (C) 48 (D) 50
☛ (B) 42

32. निम्न श्रेणीमा कुन विकल्प त्यसपछि आउँछ ?
j, ?, h, f, d, b
(A) k (B) i (C) g (D) l
☛ (B) i

33. जहाज : समुद्र भए जस्तै उँट :
(A) भूमि (B) मरुभूमि (C) जंगल (D) पहाड
☛ (B) मरुभूमि

34. तल दिइएको चित्रमा सीधा रेखाहरु (straight lines) को अधिकतम संख्या कति छ ?



(A) 8 (B) 9 (C) 10 (D) 12

☛ (C) 10

Question Bank Nepal

35. यदि LEG को मान $\frac{1}{3}$ र HAND को मान $\frac{1}{4}$ हुन्छ भने FINGER को मान कति हुन्छ ?

(A) $\frac{1}{6}$ (B) $\frac{1}{3}$ (C) $\frac{4}{6}$ (D) $\frac{2}{3}$

☛ (B) $\frac{1}{6}$

36. 800 को 40% को 20% कति होला ? ☛ (D) 64

37. यदि 2994 लाई 14.5 ले भाग गर्दा 172 हुन्छ भने 29.94 लाई 1.45 ले भाग गर्दा ............... हुन्छ ।

(A) 0.172 (B) 1.72 (C) 17.2 (D) 172

☛ (C) 17.2


38. तल दिइएको क्रममा एउटा अंक गलत छ । त्यस अङ्कलाई पत्ता लगाउनुहोस् ।

4, 11, 21, 34, 49, 69, 91

(A) 34 (B) 49 (C) 69 (D) 91

☛ (B) 49

39. तल दिइएका चित्र तल प्रस्तुत A, B, C र D मध्ये कुनसँग बढी मेल खान्छ ?




(A) स्याउ, सुन्तला, आँप (B) बुबा, छोरा, छोरी

(C) आलु, टमाटर, केराउ (D) देश, जिल्ला, गा.वि.स.

☛ (B) बुबा, छोरा, छोरी

40. तल उल्लिखित प्रश्नको पहिलो लहरमा बायाँदेखि दायाँ सचित्र कोठाहरु निश्चित नियमअनुसार क्रमबद्ध रुपमा रहेका छन् । यसै नियम अनुसार दोस्रो लहरको कुन चित्रले पहिलो लहरको प्रश्न चिन्ह (?) भएको चित्रलाई प्रतिस्थापन गर्छ सो पत्ता लगाउनुहोस् ।






(A) (B) (C) (D)

☛ (C)

Question Bank Nepal

41. दिइएको मेट्रिक्स पूरा गर्नुहोस् ।




(A) (B) (C) (D)

☛ (B)

42. दिइएका विकल्प चित्रहरुमध्येबाट fig (X) चित्र समाहित भएको चित्र खोज्नुहोस् ।



(X) (A) (B) (C) (D)

☛ (D)

43. यदि 'TSNLIE' अक्षरहरुबाट एक मात्र अर्थपूर्ण शब्द बनाउन सम्भव हुन्छ भने कुन अक्षर अगाडिबाट तेस्रो स्थानमा आउँछ ? यदि ती अक्षरहरुबाट एक भन्दा बढी अर्थपूर्ण शब्दहरु बन्दछन् भने 'Y' उत्तर दिनुहोस् । यदि ती अक्षरहरुबाट कुनै अर्थपूर्ण शब्द बनाउन सकिँदैन भने 'X' उत्तर दिनुहोस् ।

(A) L (B) S (C) Y (D) X

☛ (C) Y

44. यदि आज सोमबार हो भने 61 दिन पछि के बार आउनेछ ?

(A) बुधबार (B) शनिबार (C) मंगलबार (D) बिहिबार

☛ (B) शनिबार

45. पूर्णमान पूर्वतर्फ 10 मिटर हिडेर देब्रे मोडिए । पुन: 10 मिटर हिडेर दाहिने फर्के हाल उनी कुन दिशातर्फ फर्केका छन् ?


☛ पूर्व

Question Bank Nepal


46. निम्न मध्ये नमिल्ने कुन हो ?




(A)



(B)



(C)



(D)

☛ (C)

47. 10, 40, 160 सँग मिल्दो विकल्प कुन हो ?

(A) 5, 20, 160 (B) 5, 20, 80 (C) 5, 20, 90 (D) 5, 30, 80

☛ **(B) 5, 20, 80**

48. तल दिइएका शब्दहरु मध्ये समूहमा नमिल्ने शब्द पत्ता लगाउनुहोस् ।

(A) किताब (B) कागज (C) पेन्सिल (D) कलम

☛ **(A) किताब**

49. एक जना व्यक्तिले 10 km प्रतिघण्टाको सट्टा 14 km प्रतिघण्टा हिडेर 20 km दूरी पार गरेछ भने उसले जम्मा कति दूरी पार गरेछ ?

(A) 50 km (B) 56 km (C) 70 km (D) 80 km

☛ **(A) 50 km**

50. खाली ठाउँमा छुटेको अंक पत्ता लगाउनुहोस् ।

| | | |
|---|---|---|
| 1 | 7 | 8 |
| 2 | 14 | ? |
| 3 | 105 | 104 |

(A) 9 (B) 12 (C) 13 (D) 10

☛ **(B) 12**

---

**नोट : सामान्य ज्ञान र साधारण बौद्धिक परीक्षण (प्रथम पत्र) को प्रश्नपत्र समेत परीक्षार्थीले उत्तरपुस्तिकासँगै अनिवार्य रुपमा लोक सेवा आयोगलाई फिर्ता गर्नुपर्ने हुदाँ माथी उल्लेखित प्रश्नहरू विभिन्न परीक्षार्थीहरूको स्मरण तथा पुस्तक, पत्रपत्रिकाका आधारमा संकलन गरिएको हो ।**

---

❑❑❑

Question Bank Nepal

## द्वितीय पत्र

# सामाजिक-आर्थिक अवस्था

## Socio-Economic Condition


२.१ लोक सेवा आयोगद्वारा प्रस्तुत गरिएका नमुना प्रश्नहरू र ती प्रश्नको समाधान

२.२ लोक सेवा आयोगद्वारा ना.सु. (समावेशी), २०६९ को परीक्षामा सोधिएका प्रश्नहरू र ती प्रश्नहरूको समाधान

२.३ लोक सेवा आयोगद्वारा ना.सु. (खुला), २०६९ को परीक्षामा सोधिएका प्रश्नहरू र ती प्रश्नहरूको समाधान

२.४ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७० को परीक्षामा सोधिएका प्रश्नहरू र ती प्रश्नहरूको समाधान

२.५ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७१ को परीक्षामा सोधिएका प्रश्नहरू र ती प्रश्नहरूको समाधान

२.६ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७२ को परीक्षामा सोधिएका प्रश्नहरू र ती प्रश्नहरूको समाधान


Question Bank Nepal

## ३.१ लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र 'सामाजिक-आर्थिक अवस्था' विषयको नमुना प्रश्नहरू र ती प्रश्नहरूको समाधान

### खण्ड (Section) – A (अङ्क ४०)

**नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था**

१. नेपालको जलसम्पदाको महत्व छोटकरीमा उल्लेख गर्नुहोस् । (Mention importance of the water resources of Nepal briefly.) (5)

२. नेपालको आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका संक्षेपमा लेख्नुहोस् । (Write briefly the role of cooperative in economic development of Nepal.) (5)

३. वनविनाशका कुनै पाँच कारणहरू बारेमा छोटकारीमा चर्चा गर्नुहोस् । (Discuss any five reasons of deforestation, briefly.) (5)

४. चालु आवधिक योजनाका उद्देश्यहरू के के हुन् ? (What are the objectives of current periodical plan?) (5)

५. "हावापानी अनुसार वनस्पति फरक फरक हुन्छ" भन्ने वाक्यांशलाई नेपालको सन्दर्भमा उदाहरण सहित व्याख्या गर्नुहोस् । ("Nature of vegetation varies according to climate." Explain the statement with example of Nepal.) (2+3) = 5

६. छोटो टिप्पणी लेख्नुहोस् । (Write short notes:) (2.5 × 2)= 5

(A) गरिबी (Poverty) (B) उर्जा संकट (Energy Crisis)

७. वैदेशिक रोजगार भन्नाले के बुझिन्छ ? हरेक वर्ष असंख्य नेपाली युवाहरू रोजगारीका लागि विदेसिनुका कारणहरू लेख्नुहोस् । विदेशमा नेपालीहरूले सामना गर्नु परेको चुनौतीहरू उल्लेख गर्नुहोस् । (What do you understand by foreign employment? Write causes why many Nepalese youths go on abroad for employment every year. Mention challenges faced by Nepalese during employment on abroad.) (1+4.5+4.5) = 10

### खण्ड (Section) – B (अङ्क ३०)

**संवैधानिक व्यवस्था सरकार**

८. लोकतान्त्रिक मूल्य मान्यताका बारेमा चर्चा गर्नुहोस् । (Discuss the democratic values and norms.) (5)

९. सकारात्मक विभेद भनेको के हो ? वर्णन गर्नुहोस् । (What is positive discrimination? Explain.)

१०. छोटो टिप्पणी लेख्नुहोस् । (Write short note:) (2.5 ×2) = 5

(A) कानुनी राज्य (Role of Law) (B) नागरिक समाज (Civil society)

११. कानुनका स्रोतहरू के के हुन् ? छोटकरीमा बयान गर्नुहोस् । (What are the sources of law? Explain in short.) (5)

१२. संवैधानिक अंग भन्नाले के बुझिन्छ ? वर्तमान संविधानले व्यवस्था गरेअनुसार लोक सेवा आयोगको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकारको चर्चा गर्नुहोस् । (Who do you understand by constitutional organ? Explain the

Question Bank Nepal

composition and functions, duties and powers of Public Service Commission according to existing constitution of Nepal.) (2+3+5) = 10

### खण्ड (Section) – C (अङ्क ३०)
### सार्वजनिक लेखा सञ्चालन एवं व्यवस्थापन

१३. अभिलेख व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ ? यसको महत्व प्रष्ट पार्नुहोस् । (What is record management? Clarify its importance.) (2+3) = 5

१४. छोटकरीमा लेख्नुहोस् : (Write short notes:) (2.5×2) = 5
(A) व्यवस्थापन सूचना प्रणाली (Management Information System- MIS)
(B) बजेट (Budget)

१५. कर भनेको के हो ? कर कति प्रकारका हुन्छन् ? स्पष्ट पार्नुहोस् । (What is tax¿ How many types of taxes are there? Clarify.) (2+3) = 5

१६. निजामती सेवा भन्नाले के बुझिन्छ ? निजामती सेवाका विशेषताहरू उल्लेख गर्नुहोस् । (What is the meant by civil service? Mention the features of civil service.) (2+3) = 5

१७. सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझिन्छ ? सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिकाको बारेमा चर्चा गर्नुहोस् ।(What is meant by public service delivery? Describe the roles of the service provider in public service delivery.) (3+7) = 10

## लोक सेवा आयोगद्वारा प्रस्तुत नायब सुब्बा पदको नमुना प्रश्नहरूको समाधान

### खण्ड (Section) – A (अंक ४०)
### नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था

**(१) नेपालको जलसम्पदाको महत्व छोटकरीमा उल्लेख गर्नुहोस् ।(Mention importance of the water resources of Nepal briefly.) (5)**

**उत्तर :**

नेपाल प्राकृतिक स्रोत साधनको हिसाबले विश्वमै धनी राष्ट्रको रुपमा चिनिन्छ । अझ प्राकृतिक स्रोत साधनमध्ये जलसम्पदाको सन्दर्भमा त नेपाल विश्वमै ब्राजिल पछिको दोस्रो धनी राष्ट्रको रुपमा रहेको पाइन्छ । नेपालमा रहेका साना ठूला गरी ६ हजार भन्दा बढी नदीनाला, तालतलैया, हिमनदी, भूमिगत जल नै नेपालको जलसम्पदाको स्रोत हुन् । नेपालले जलसम्पदाको पर्याप्त उपयोग गर्न नसकेको वर्तमान अवस्थामा यहाँको जलसम्पदाको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । नेपालको जलसम्पदाको महत्वलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

**(क) जलविद्युत उर्जा सन्दर्भमा महत्व :** हिमाली प्रदेशदेखि निरन्तर बहने नदीहरूको बहाव क्षमताका कारण नेपालको नदीनालाबाट ८३ हजार मेगावाट भन्दा बढी जलविद्युत निकाल्न सकिने अध्ययनले देखिएको छ । जसमा पनि ४२ हजार मेगावाट जलविद्युत निकाल्न त आर्थिक र प्राविधिक दृष्टिले पनि उपयुक्त मानिएको छ । यसरी उत्पादन गर्न सकिने ठूलो मात्राको जलविद्युत उर्जाबाट नेपालले पर्यावरण मैत्री औद्योगिक

Question Bank Nepal

विकास गर्दै बढी भएको जलविद्युत उर्जा विदेशमा बिक्री गरी मनग्य विदेशी मुद्रा समेत आर्जन गर्न सक्ने अवस्था रहेको छ । जलविद्युत मात्र यस्तो ऊर्जा हो जुन ऊर्जा उत्पादनको लागि एक पटक संरचना निर्माण गरेपछि वर्षौंसम्म प्रयोग गर्न सकिन्छ, पटक पटक ढुवानी खर्च व्यहोर्नु पर्दैन तथा पर्यावरणमैत्री समेत हुन्छ । आज मुलुकले भोगिरहेको उर्जा संकटले पनि नेपालको जल विद्युत उर्जाको महत्वलाई बढाएको कुरामा दुईमत हुन सक्दैन ।

(ख) **यातायात एवं पर्यटन उद्योग सन्दर्भमा :** नेपालमा रहेका कोशी, गण्डकी र कर्णाली जस्ता ठूला नदीहरूमा जलयातायात सिष्टमको विकास गरी आन्तरिक एवं बाह्य निकासी पैठारी तथा आवातजावतलाई सहज एवं सुलभ बनाउन सकिने सम्भावना छ । यहाँका नदीहरू र्‍याफ्टिङ्ग लगायतका साहसिक पर्यटनका लागि उपयुक्त मानिन्छ जसले गर्दा पर्यटक वृद्धिमा नेपालका नदी सहायक बन्ने स्पष्ट छ ।

(ग) **खानेपानी एवं सरसफाइ सन्दर्भमा :** जलसम्पदा नै खानेपानीको स्रोत हो, भने सरसफाईको लागि पानी नै प्रमुख आवश्यकीय वस्तु हो । त्यसैले शुद्ध पिउने पानीको आपूर्ति र सरसफाईको लागि नेपालको जलसम्पदा अत्यावश्यक महत्वपूर्ण सम्पदाको रुपमा रहेको छ ।

(घ) **सिँचाइ तथा खाद्य उपलब्धता सन्दर्भमा :** नेपाल कृषि प्रधान देश हो । यहाँका खेती योग्य सबै जमिनमा सिँचाइ सुविधा नपुग्दा आकाशे पानीको भरमा खेती गर्नु पर्ने अवस्था छ । नेपालको जलसम्पदाको व्यवहारिक उपयोगका लागि सिँचाइ प्रणालीको विकास गर्न सकेमा कृषि उत्पादन बढ्दै जाने छ । त्यस्तै गरी नेपालका नदीनाला, तालतलैयाहरूमा व्यवसायिक माछापालन व्यवसाय गर्न सकेमा मुलुकलाई खाद्य संकटबाट मुक्त राख्न सकिने अवस्था छ । त्यसैले सिँचाइ तथा खाद्य उपलब्धताको सन्दर्भमा पनि नेपालको जलसंम्पदा महत्वपूर्ण रहेको छ ।

(ङ) **पर्यावरणीय तथा जैविक विविधता सन्दर्भमा :** नेपाललाई वातावरणीय सन्तुलन राख्न तथा जैविक विविधताको दृष्टिले सम्बृद्ध राष्ट्रको रुपमा चिनाउन पनि नेपालको जलसम्पदाले अतुलनीय योगदान पुऱ्याएको छ । जलीय जीवजन्तु तथा वनस्पति मात्र नभएर सीमसारमा पाइने जीवजन्तु र वनस्पतिका लागि पानी अति नै आवश्यकीय वस्तु भएकोले नेपालका नदीनाला, तथा सिमसार क्षेत्रहरूले नेपाललाई जैविक विविधतामा सम्वृद्ध बनाएका छन् । नदीनालाहरूको बाहुल्यताले गर्दा वातावरण प्रदुषण नियन्त्रण गर्न सहयोग पुगिरहेको छ ।

अन्त्यमा, जल नै जीवन भएकाले विश्वको जुनसुकै कुनामा पनि जलसम्पदा महत्वपूर्ण रहेको छ । हाम्रो मुलुकले अहिले भोलिरहेको उर्जा संकट, बेलाबेलामा सुनिने खाद्य संकटबाट मुक्ति पाउनका लागि नेपालको जलसम्पदा रामवाण सावित हुनसक्ने कुरामा दुईमत हुन सक्दैन । त्यस्तै गरी पर्यटन उद्योगको विकास, खानेपानीको उपलब्धता, सिँचाइ सुविधामा विस्तार, जलयातायातमा विस्तार लगायतका पक्षहरूको सन्दर्भमा पनि नेपालको जलसम्पदाको ठूलो महत्व रहेको छ । हाम्रो अपार जलसम्पदाको बहुआयामिक उपयोगबाट विदेशी मुद्रा आर्जन गर्दै नेपालको वैदेशिक व्यापार घाटा कम गर्दै लैजान सकिने अवस्थालाई पनि नजर अन्दाज गर्न मिल्दैन ।

**नेपालको जल सम्पदा** - नेपालका नदी-नाला, ताल-तलैया, झरना, भूमीगत पानी नै नेपालको जल सम्पदा हो । नेपाल जलस्रोतका हिसावले ब्राजिल पछि विश्वमै दोस्रो धनी राष्ट्रको रूपमा रहेको छ । तथापी विभिन्न कारणहरूले गर्दा नेपालले जल सम्पदाको

Question Bank Nepal

पर्याप्त सदुपयोग गर्न सकेको छैन । नेपालमा उपलब्ध जल सम्पदाको बहुआयामिक उपयोगबाट आम नेपाली जनताका जलविद्युत,सिचाइ, खानेपानी, जलयातायात तथा जलमनोरञ्जन सम्बन्धी आवश्यकताहरू पूर्ति गर्न एकीकृत जल सम्पदा व्यवस्थापन को सिद्धान्तलाई अनुसरण गरी जलस्रोतको विकास गर्नु आजको आवश्यकता हो । जल उपयोग र जलाधार संरक्षणको कार्यक्रमलाई सँगसँगै अघि बढाएर जलस्रोतको दिगो उपयोगलाई सुरक्षित पार्न समेत यस क्षेत्रमा विशेष काम गनुपर्ने आवश्यकता महशुस भएको छ । जलस्रोतको उपयोगबाट हुने लाभलाई स्थानीय, क्षेत्रीय, प्रादेशिक र राष्ट्रिय तहमा न्यायोचित रूपमा वितरण हुने व्यवस्था मिलाउने र जलस्रोतको द्विपक्षीय वा बहुपक्षीय उपयोग गर्दा राष्ट्रिय हितलाई प्राथमिकता दिन सकेमा पक्कै पनि नेपालको लागि जल सम्पदा वरदान साबित हुने कुरामा दुई मत हुन सक्दैन ।

**(२) नेपालको आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका संक्षेपमा लेख्नुहोस् । (Write briefly the role of cooperative in economic development of Nepal.) (5)**

**उत्तर :**

सहकारी शब्दले समान उद्देश्य, पेशा, व्यवसाय र वर्गका मानिसहरू संगसंगै मिलेर आफ्नो आर्थिक तथा सामाजिक विकास गर्न गरिने कार्यलाई बुझाउँदछ । सहकारीले विशेष गरी विपन्न वर्ग र गरीब जनताको आर्थिक, सामाजिक एवं नैतिक पक्षमा सवलता अभिवृद्धि गर्दै लैजान महत्वपूर्ण सहयोग पुऱ्याएको हुन्छ । नेपाल जस्ता विकासोन्मुख देशहरूमा सहकारी सङ्गठनको भूमिकालाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ ।

- विपन्न वर्ग र गरीब जनताको आर्थिक, सामाजिक एवं नैतिक उन्नती गर्ने भूमिका ।
- छरिएर रहेको सीप, श्रोत र साधनलाई संगठित व्यवसाय मार्फत उच्चतम सदुपयोग गर्ने भूमिका ।
- संगठित व्यवसायलाई सहकारी मार्फत संस्थागत रुपमा सञ्चालन गर्ने भूमिका ।
- आफ्ना सदस्यहरूको आर्थिक र सामाजिक विकास गर्ने भूमिका ।
- न्यून आय भएका वर्गहरू समूहमा मिलेर काम गर्ने पद्धतिको विकास गर्ने भूमिका ।
- समुदायको विकास गरी सामाजिक सेवा भावना जागृत गर्ने भूमिका ।
- निर्वाहमुखी पेशालाई व्यवसायमुखी वनाउने भूमिका ।
- स्वरोजगारका अवसरहरू सिर्जना गरी स्वावलम्बी एवं आत्मनिर्भर गराउने भूमिका ।
- गाउँको विकास, क्षेत्रको विकास र समग्र राष्ट्रको विकासमा टेवा पुऱ्याउने भूमिका ।

अन्त्यमा, के भन्न सकिन्छ भने सहकारिता भनेको सीमित पूँजी भएका वा पूँजी भएर पनि एक्लै व्यवसाय गर्ने क्षमता नभएका, केही पूँजी पनि छ र अलिअलि व्यवसाय गर्न पनि सक्ने खुबी छ तर यी दुवै कुराहरू भएर पनि व्यवसाय गर्दा सबै घाटा लाग्यो भने परिवार भोकै पर्छन भन्ने कुराले एक्लै व्यवसाय गर्ने आँट गर्न नसक्ने व्यक्तिहरू मिलेर गर्ने कार्य हो । यस्ता सहकारी संगठनहरूले आर्थिक उन्नती, सामाजिक विकास, नैतिक चरित्रको विकास, आर्थिक विविधीकरण, सहकार्यको विकास, बचतमा प्रोत्साहन, पूँजी



Question Bank Nepal

निर्माण एवं परिचालन,सिमित साधन स्रोतको उच्चतम उपयोग, रोजगारीका अवसरहरूको सृजना, संस्थागत कर्जा प्रवाह, वस्तु तथा सेवाको उत्पादन र आपूर्ति आदि जस्ता माथी उल्लेखित गहन भूमिकाहरू निर्वाह गर्दै नेपाल जस्ता विकासोन्मुख देशहरूको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

**सहकारिताका सिद्धान्त :-** सहकारिताका सिद्धान्तहरू सहकारिताका मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शन (GUIDELINES) हुन् । अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा सन् १९९५ मा परिमार्जित निम्न सात सहकारिताका सिद्धान्तहरू विश्वभर प्रचलित रहेका छन् । १. ऐच्छिक तथा खुल्ला सदस्यता (खुलापन) २. सदस्यद्वरा प्रजातान्त्रिक नियन्त्रण (प्रजातन्त्र, समानता) ३. सदस्यहरूको आर्थिक सहभागिता (समन्याय) ४. स्वायत्तता तथा स्वतन्त्रता (आत्म सहयोग, स्वउत्तरदायित्व) ५. शिक्षा तालिम तथा सूचना (ज्ञान, सीप र जानकारी) ६. सहकारीहरू बीच सहयोग (ऐक्यबद्धता) ७. समुदाय प्रति चासो (सामाजिक उत्तरदायित्व) ।

**(३) वनविनाशका कुनै पाँच कारणहरू बारेमा छोटकारीमा चर्चा गर्नुहोस् । (Discuss any five reasons of deforestation, briefly.)** **(5)**

**उत्तर :**

नेपालमा पाइने प्राकृतिक स्रोत साधनहरूमध्ये वनसम्पदा पनि एक प्रमुख महत्वपूर्ण स्रोत हो । "हरियो वन नेपालको धन" भन्ने प्रचलित युक्तिबाट पनि नेपालको वन सम्पदाको महत्वलाई उजागर गर्दछ । मुलुकका लागि वन सम्पदा अत्यन्त महत्वपूर्ण रहँदा रहँदै पनि विभिन्न प्राकृतिक, मानवीय कारणले गर्दा यहाँका वन जंगल तीव्र रुपमा विनास हुँदै गएको पाइन्छ । वनजंगलको संरक्षणका लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गरे पनि आशातित सफलता प्राप्त हुन सकेको पाइँदैन । नेपालका वनजंगल विनासका धेरै कारणहरू रहेपनि प्रमुख पाँच कारणहरूबारे तल चर्चा गरिन्छ :-

(क) **बृहत नीति तथा कार्यक्रमको अभाव :** वनजंगल संरक्षण सम्बन्धमा नेपाल सरकारले सबै क्षेत्र समेट्ने गरी दिगो सोचमा आधारित दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सकेको छैन । मौजुदा नीति तथा कार्यक्रमहरूको सार्थक प्रभावकारी कार्यान्वयन पनि हुन नसक्दा वन विनास भैरहेको पाइन्छ ।

(ख) **अनियन्त्रित जनसङ्ख्या वृद्धि र बसाईंसराई :** नेपालमा अनियन्त्रित एवं अत्यधिक रुपमा जनसङ्ख्या वृद्धिले गर्दा वनक्षेत्र आवास तथा कृषि क्षेत्रका रुपमा परिणत हुँदै गएको पाइन्छ । त्यसै गरी वनसम्पदाको मूलक्षेत्रको रुपमा रहेको तराई प्रदेशमा पहाडी प्रदेशबाट अनियन्त्रित रुपमा बसाइँसराई भैरहेबाट पनि तराई प्रदेशको वनविनास हुँदै गएको छ ।

(ग) **खनिज उर्जा एवं आधुनिक/नविकरणीय उर्जा संकट :** नेपाल पेट्रोलियम पदार्थका लागि विदेशमा निर्भर रहनुपर्ने र यस्तो उर्जा आपूर्ति दिनानुदिन महँगो एवं असहज हुँदै आएको पाइन्छ । त्यस्तै गरी जलविद्युत लगायतका आधुनिक उर्जाको उत्पादन गर्न नेपालले सकिरहेको पाइँदैन । जसले गर्दा मुलुक खनिज तथा आधुनिक उर्जा संकटको अवस्थाबाट गुज्रिरहेको छ । यस्तो उर्जा संकटबाट पार पाउन नेपालमा परम्परागत उर्जा आपूर्तिको मुख्य स्रोतका रुपमा दाउराका लागि रुख कटान तीव्र रुपमा भइरहेबाट पनि नेपालमा वनविनास भैरहेको पाइन्छ ।

Question Bank Nepal

(घ) **प्राकृतिक प्रकोप तथा मानवीय अतिक्रमण :** नदी कटान, भू-क्षय, हावाहुरी जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण हुन नसक्दा नेपालको वन विनास हुँदै गएको पाइन्छ । त्यस्तै गरी वन गैदावारको चोरी निकासी, वन डढेलो, अत्याधिक चरिचरन, वन अतिक्रमण जस्ता मानवीय क्रियाकलापहरूको कारण पनि वन विनास भइरहेको छ ।

(ङ) **जनचेतनाको कमि तथा राजनैतिक अस्थिरता :** वन सम्पदा सम्वर्द्धन सम्बन्धी नागरिक सचेतनाको कमी, राजनैतिक अस्थिरताको कारण शान्ति सुरक्षाको स्थिति कमजोर भई वन माफियाको चलखेलमा वृद्धि हुँदै जानु पनि नेपालको वन विनासको प्रमुख कारण हो । यसका अलावा जलवायु परिवर्तन जस्ता अन्य पर्यावरणीय प्रतिकुलताले गर्दा पनि वनसम्पदामा क्षति पुगिरहेको पाइन्छ ।

अन्त्यमा, के भन्न सकिन्छ भने वन सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि दिगो सोचमा आधारित सुस्पष्ट बृहत नीति तथा कार्यक्रम तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्दै वन संरक्षणको लागि सचेतनाको अभिवृद्धि गर्ने, वनमैत्री मानवीय क्रियाकलापमा जोड दिने, अनियन्त्रित जनसङ्ख्या वृद्धि एवं बसाइँसराईलाई रोक्ने, प्रकोप व्यवस्थापनमा जोड दिने तर्फ समयमै ध्यान दिन सकेमा अवश्य नै नेपालको वन विनासबाट जोगिने कुरामा दुई मत हुन सकिँदैन ।

**एक सिंगे गैडा** - धापिलो घाँसे मैदान तथा सालको वनजंगल भएको स्थान मनपराउने यस जनावर नेपालको शिवालिक तथा तराई क्षेत्रमा पाइन्छ । एकसिंगे गैडा नेपाल र भारतमा मात्र पाइने जंगली जनावर हो । दुई सिंगे गैडा भने अफ्रिकामा पाइन्छ । नेपालको दुर्लभ संरक्षित वन्यजन्तु एकसिंगे गैडा चितवन राष्ट्रिय निकुञ्ज तथा सो को मध्यबर्ति क्षेत्र (चितवन र नवलपरासी), वर्दिया राष्ट्रिय निकुञ्ज तथा सो को मध्यबर्ति क्षेत्र (वर्दिया) र शुक्ला फाँटा वन्य जन्तु आरक्षमा (कचनपुर) पाइन्छ । हरियो घाँसपात तथा जंगली फलफुल खाने यस जनावर शाकाहारी वन्य जन्तु हो । एक वेतमा एउटा मात्र बच्चा जन्माउने गैडाको बच्चालाई केटाकेटी भनिन्छ । खाग, खुर तथा छालाको लागि चोरी सिकारीले गर्दा यसको अस्तित्व संकटमा छ ।

(४) **चालु आवधिक योजनाका उद्देश्यहरू के के हुन् ? (What are the objectives of current periodical plan?)** **(5)**

**उत्तर :**

वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने ।" दीर्घकालीन सोचका साथ अगाडी आएको चालु तेह्रौं योजना (आ.व.२०७०/७१-२०७२/७३) ले लिएको उद्देश्य देहाय बमोजिम रहेको पाईन्छ- "देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने ।"

**राष्ट्रिय योजना आयोगको गठन** - राष्ट्रिय विकासको नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न नेपाल सरकारले गठन गर्ने आयोग नै राष्ट्रिय योजना आयोग हो । यस आयोगका सदस्यको नियुक्ति गर्दा विधागत विज्ञता तथा समावेशीकरणको सिद्धान्तको अवलम्वन गरिने उक्त आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने व्यवस्था रहेको छ :- (क) प्रधानमन्त्री - अध्यक्ष, (ख) नेपाल सरकारबाट नियुक्त एक जना - उपाध्यक्ष, (ग) नेपाल सरकारबाट नियुक्त बढीमा सातजना



Question Bank Nepal

- सदस्य, (घ) मुख्य सचिव, नेपाल सरकार - सदस्य, (ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य र(च) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य-सचिव । राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल सरकारबाट नियुक्ति हुने यस आयोगका सदस्यहरूले आयोगको पूर्णकालीन पदाधिकारीको रूपमा कार्य व्यवस्था छ । कुनै मान्यता प्राप्त विधामा स्नातकोत्तर उपाधि हासिल गरी योजना तथा अनुसन्धानका क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशिष्टता हासिल गरेको, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको, नियतवस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको नेपाली नागरिक मात्र आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्ने कानूनी व्यवस्था छ ।

(५) **"हावापानी अनुसार वनस्पति फरक फरक हुन्छ" भन्ने वाक्यांशलाई नेपालको सन्दर्भमा उदाहरण सहित व्याख्या गर्नुहोस् । ('Nature of vegetation varies according to climate." Explain the statement with example of Nepal.)**

**(2+3) = (5)**

**उत्तर :**

विश्वको सबै भौगोलिक स्थानमा समान किसिमका वन तथा वनस्पती पाईंदैनन् । वन तथा वनस्पतीको उपलब्धतामा त्यस स्थानको हावापानीले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले भनिन्छ पनि "हावापानी अनुसार वनस्पति फरक फरक हुन्छ" । नेपालमा पनि यहाँको विविधतायुक्त भू-धरातलमा पाईने हावापानीको विविधताको कारण विभिन्न किसिमका वन तथा वनस्पतीहरू पाइन्छन् । नेपालमा पाइने वन तथा वनस्पतीहरूलाई पनि यहाँ पाईने हावापानी अनुसार देहाय बमोजिम पाँच समूहमा वर्गीकरण गरिएको पाईन्छ :-

(१) **उष्ण प्रदेशीय सदावहार जंगल –** नेपालको तराई, भावर, दुन तथा चुरे क्षेत्र जुन समुद्र सतहदेखि १२ सय मिटर अर्थात चार हजार फिट सम्मको उचाईमा रहेको छ यहाँ उष्ण मनसुनी हावापानी पाईन्छ । गृष्मकालमा यहाँको हावापानी ३८° देखि ४६° सेन्टिग्रेड पुग्दछ भने शीतकालमा १५° देखी ५° सम्म ओर्लिन्छ । यस हावापानीको क्षेत्रमा अग्ला, मोटा, वलिया तथा सघन छायादार सधैं हरियाभरिला वनस्पतीयुक्त उष्ण प्रदेशीय सदावहार जंगल पाईन्छ । यस जंगलमा साल, सिसौ, खयर, सिमल, कदम आदि प्रमूख रुख तथा साँवु, ढड्डीका गाँज पनि पाइन्छन् ।

(२) **समशितोष्ण पतझर जंगल –** नेपालको चुरे तथा महाभारतको १२०० मिटरदेखि २१००मिटर सम्मको उचाईमा गीष्ममा न्यानो र शिशिरमा वढी ठण्डा हुने न्यानो समशितोष्ण मौसमी हावापानी पाइन्छ । औषत तापक्रम २०° देखि ३०° सेन्टिग्रेट सम्म रहने यस हावापानीको क्षेत्रमा अधिकांश पातपतिङ्गर समय-समयमा झर्ने अग्ला र मोटा रुखयुक्त समशितोष्ण पतझर जंगल पाईन्छ । साल, सिमल, वर, वाँस, ओखर, चाँप, कटुस, चिलाउने, लाँकुरी यस जंगलमा पाइने प्रमूख रुखहरू हुन् ।

(३) **समशितोष्ण सदावहार कोणधारी जंगल –** महाभारतको माथिलो भाग तथा हिमालयको तल्लो भागमा २१ सय मिटर देखि ३३५० मिटरे सम्मको उचाईमा ग्रीष्ममा औषत तापक्रम १८° देखी २६° सेन्टिग्रेडको बीचमा रहने ठन्डा समशितोष्ण हावापानी पाईन्छ । यस हावापानी पाईने क्षेत्रमा मझौला नरम जातका चाँप, सल्ला, देवदार, चीर, पाइन धुपी, गुराँस, भोजपत्र जस्ता रुखहरू भएको समशितोष्ण

सदावहार कोणधारी जंगल पाइन्छन् । यस जंगली क्षेत्रमा वर्षैभरि हरियो हुने तथा हिमपात भैरहने हुँदा रुख तथा रुखका पातहरू कोणजस्तै चुच्चो परेका हुन्छन् । माटो सेपिलो हुने हुँदा यहाँको कोणधारी जंगल सदावहार हुन्छन् ।

(४) **लेकाली वनस्पती अर्थात घाँसे मैदान** – समुद्रसतहवाट ३३५० मिटर देखि ५ हजार मिटर अर्थात ११ हजार फिट सम्मको उचाईमा तापक्रम ग्रीष्मकालमा १०° सेन्टिग्रेडसम्म पुग्ने र अन्य समयमा ०° सेन्टिग्रेड भन्दा तल झर्ने लेकाली हावापानी पाईन्छ । चिसो र शुद्ध जलवायु पाइने हुँदा यहाँ अग्ला, मोटा तथा कडा जातका रुख सप्रिन नपाउने हुँदा यस क्षेत्रमा स-साना वनस्पतीहरू अर्थात लेकाली वनस्पती (घाँसे मैदान) मात्र पाइन्छन् । यस क्षेत्रमा रुखहरूको भन्दा झाडी तथा घाँसे वनस्पतीको वाहुल्यता पाइन्छ ।

(५) **टुण्ड्रा वनस्पती अर्थात शित मरुभूमि वनस्पतीहरू** – नेपालमा समुद्रसतहवाट ५ हजार मिटर अर्थात १६ हजार फीट भन्दा माथिको भुभागमा बाह्रैमहिना हिमवर्षा हुने र तापक्रम ०° सेन्टिग्रड भन्दा कम हुने अत्यन्तै चिसो एवं शुष्क ध्रुवीय अर्थात् हिमाली हावापानी पाइन्छ । सालैभर हिउँ परिरहने यस हावापानीको क्षेत्रमा ज्यादै ठण्डाको कारणले कुनै पनि रुख, वनस्पती उम्रन सक्दैनन् भने कतै-कतै लेउ तथा काई जातका टुण्ड्रा वनस्पती मात्र भेटिन्छन् ।

अन्त्यमा के भन्न सकिन्छ भने "हावापानी अनुसार वनस्पति फरक फरक हुन्छ" भन्ने वाक्यांश नेपालको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक छ । जुन कुरा माथी उदाहरण सहित गरिएको व्याख्याबाट स्पष्ट हुन्छ ।

**लौठ सल्ला (Himalayan Yew):-** करिब १७ सय मिटर देखि ३४ सय मिटर सम्मको उचाईमा पाइने लौठ सल्ला सल्ला प्रजातीको कोणधारी सदावहार रूख हो । करिब आठ मिटर जति अग्लो हुने यस वनस्पती नेपालमा मध्य तथा पश्चिमी भागमा पाइन्छ । पात मसिनो काँइयां जस्तो हुने लौठ सल्लाको पात क्यान्सरको औषधी (Taxal), छारेरोग, पेट सम्बन्धी रोग, टाउको दुख्ने झाडा पखाला आदिको औषधी बनाउन प्रयोग गरिन्छ । लौठ सल्लाको पुनउत्पादन विउ र हाँगाको टुक्रावाट गरिन्छ ।

---

(६) छोटो टिप्पणी लेख्नुहोस् । **(What Short Note)** **(2.5+2.5) = (5)**

(A) गरिबी (Poverty)

(B) उर्जा संकट (Energy Crisis)

---

### (A) गरिवी (Poverty)

सामान्य अर्थमा श्रोत साधनको सिमितता/निर्धनता नै गरिवी (Poverty) हो । त्यस्तै गरी क्षमता र सोचको कमी, बञ्चितिकरण न्यून मानवीय विकासको अवस्थालाई पनि गरिवी भन्न सकिन्छ । गरिबी शब्दले आर्थिक, सामाजिक, राजनीतिक, मानसिक आदि क्षेत्रहरूमा आ-आफ्नै प्रकारको अर्थ जाहेर गर्दछ । गरिब भन्नाले कमजोर, दुर्बल, पछाडि परेको, अनेकौं पुरातन संस्कारहरूद्वारा ग्रस्त व्यक्तिलाई बुझाउँछ, भने गरिबी शब्दले गरिबको विशेषता अथवा प्रतिविम्व प्रस्तुत गर्दछ । त्यसैले गरिब भन्नाले व्यक्ति र गरिबी भन्नाले निजका विशेषताहरू बुझ्नुपर्दछ ।

Question Bank Nepal

| | |
|---|---|
| **आर्थिक रुपमा गरिबीको अर्थ** | आर्थिक रुपमा गरिबी भन्नाले आर्थिक हैसियत अर्थात आर्थिक साधन-स्रोत र आर्थिक हैसियत ज्यादा न्युन रहेको अवस्थालाई बुझाउँछ। |
| **सामाजिक रुपमा गरिबीको अर्थ** | सामाजिक रुपमा गरिबी भन्नाले पुरातन, रुढिग्रस्त तथा समाजलाई पछाडि धकेल्न मद्दत गर्ने अवस्थालाई बुझाउँछ। |
| **राजनितिक रुपमा गरिबीको अर्थ** | राजनीतिक रुपमा गरिबी शब्दले राजनीतिक संस्कारहीन, समयानुकूल किसिमले चल्न नसक्ने अवस्थालाई चित्रण गर्दछ। |

आर्थिक गरिबीले अन्य सम्पूर्ण क्षेत्रको गरिबी निम्त्याउने हुँदा गरिबीलाई आर्थिक क्षेत्रमा नै सीमित राख्ने गरेको पनि पाइन्छ। जस्तै: आर्थिक रुपले गरिब र कङ्गाल समाज, अर्थतन्त्र, समुदाय क्षेत्र, निश्चय पनि सामाजिक, राजनीतिक तथा मानसिक रुपमा समेत गरिब र कङ्गाल नै हुन्छ। World Bank को अनुसार प्रतिदिन 1.25 US Dollar भन्दा कम आम्दानी हुने अवस्था गरिबीको परिभाषाभित्र पर्दछ। त्यस्तै गरी छिमेकी मुलुक चिनले दैनिक 1.00 US Dollar भन्दा कम आय गर्ने Chinese लाई गरिबीको रेखामुनी रहेको मानेको पाईन्छ। यसरी हेर्दा गरिवी आर्थिक विपन्नतामा मात्रै सिमित नरहेर बहुआयामिक हुने कुरा थाहा पाउन सकिन्छ।

मुलुकको आर्थिक वृद्धिले गरिवी निवारणमा सहयोग पुऱ्याउँछ। आर्थिक वृद्धिदर उच्च भएको अवस्थामा जनसङ्ख्या वृद्धिदर स्थिर भएमा मात्रै प्रतिव्यक्ति आयमा वृद्धि हुन्छ, जसबाट गरिवी निवारण गर्नमा सघाउ पुग्दछ। तर जनसङ्ख्या वृद्धि स्थिर रहने कुरा अनुमान गर्नु गलत हुन्छ। आर्थिक वृद्धिलाई गरिवी निवारणमा योगदान पुऱ्याउन सक्ने तुल्याउनको लागि जनसङ्ख्या वृद्धिदरलाई आर्थिक वृद्धिदरभन्दा न्यून स्तरमा राख्दै न्यायोचित वितरण पक्षमा समेत पूरै ध्यान दिनुपर्ने हुन्छ। जसबाट धनी र गरिबबीचको खाडल कम हुँदै जाने र गरिवीलाई न्यून गर्न सकिन्छ। गरिबीलाई मूलत: निरपेक्ष गरिबी र सापेक्ष गरिबी गरी दुई किसिममा वर्गीकरण गरी अध्ययन गर्ने गरिन्छ।

**कुपोषण (Malnutrition)** - मानव शरिरलाई आवश्यक पर्ने पोषण भन्दा बढी वा कम खाना अर्थात् असन्तुलित खाना प्रयोग गर्दा हुने नराम्रो शारिरीक स्थिति नै कुपोषण हो। साधारण अर्थमा कुपोषण भन्नाले न्यून वा अधिक पोषण हो। यसलाई नराम्रो पोषणका रुपमा पनि चिन्न सकिन्छ।आवश्यकता भन्दा बढी खाएर मोटाउनु तथा कम खाएर दुव्लो पातलो भई रोगहरूबाट ग्रसित हुनु दुवै कुपोषण हुन् तथापी नेपाल जस्तो विकासशील मुलुकमा खानाको कमीवाट हुने स्थितीहरू नै बढी देखिने भएकोले अधिक पोषण भन्दा न्यून पोषणवाट हुने कुपोषणले ठुलो समस्याको रुप लिएको पाइन्छ। उमेर अनुसारको तौल नहुनु, सुकेनास, फुकेनास, रुन्चे, रक्तअल्पता, रतन्धो, स्कर्भी, रिकेट्स, गलगाँड लगायतका रोगहरू कुपोषणका कारणले हुने रोगहरू हुन्। अन्त्यमा के भन्न सकिन्छ भने रासायनिक वनावटका दृष्टिले ६ समूहमा वर्गीकरण गरिने (कार्वोहाइड्रेटस, चिल्लो, प्रोटिन, खनिज, भिटामिन, पानी 'CFPMVW' खाद्य पदार्थको सन्तुलित प्रयोग गर्न नसक्दा उत्पन्न हुने समस्या नै कुपोषण हो।

**(B) उर्जा संकट (Energy Crisis)**

उर्जा संकट भन्नाले ऊर्जाको मागबमोजिम त्यसको उत्पादन तथा आपूर्ति हुन नसकेको अवस्थालाई बुझ्नुपर्छ । सामान्य अर्थमा उर्जा भन्नाले शक्तिलाई बुझिन्छ । शक्ति सिर्जना गर्ने आधारको रुपमा रहेको उर्जाका मूलभूत स्रोतहरूमा परम्परागत उर्जा (दाउरा, गुईंठा) देखिलिएर जलविद्युत, खनिज, सौर्य, वायु, आणविक, जैविक उर्जा लगायत अन्य आधुनिक उर्जा समेत पर्दछन् ।

परम्परागत/आधुनिक/नवीकरणीय ऊर्जा उपयोगको आधारमा कुनै पनि समाजको विकासको स्तर मापन गर्न सकिने हुदा ऊर्जा उपयोगलाई पनि विकासको महत्वपूर्ण सूचकको रुपमा लिने गरिन्छ । दैनिक घरायसी आर्थिक क्रियाकलापदेखि औद्योगिक उत्पादन र विकसित प्रविधि प्रयोग गर्ने आधारका रुपमा ऊर्जा शक्ति नै रहेको छ । नेपालको विविधतायुक्त भू-बनोटका कारण वनजंगल, पशुपालन, खनिज उर्जा, वायु तथा सौर्य उर्जाको संभावनाका अलावा यहाँको जलाधार हेर्दा प्रचुर जलविद्युत ऊर्जा संभावना भएको मुलुकका रुपमा विश्वमा नै चिनिन्छ ।

६००० भन्दा बढी नदीनाला, १९४४७१ वर्ग कि.मी. जलाधार, वार्षिक २२४.३ अर्ब घनमिटर पानीको बहावका कारण ८३ हजार मेगावाट जलविद्युत उत्पादन गरी त्यसबाट नेपाल लाभान्वित हुनसक्ने संभावना छ । नेपालले वि.सं. १९६८ मा ५०० कि.वा. को फर्पिङ्ग जलविद्युत केन्द्रबाट शुरु गरेको जलविद्युत विकासको यात्रा एक शताब्दी पार गरिसक्दा १ हजार मेगावाट जलविधुत् उत्पादन गर्न पनि सकेको पाइंदैन ।

मागभन्दा निकै कम विद्युत उत्पादनको अवस्थाले गर्दा नेपाल हाल उर्जा संकटबाट गुज्रिरहेको पाईन्छ । यसका अलावा एकातर्फ उर्जाको परम्परागत स्रोतको बढ्दो उपयोगले वन जंगल विनाश भई पर्यावरणीय समस्या थपिदै छ, भने अर्को तर्फ परम्परागत उर्जाको स्रोत मासिंदै जादा त्यस्तो उर्जाको पनि संकट बढ्दै गएको छ । खनिज उर्जाको लागि विदेशीको भर पर्नु पर्ने विद्यमान अवस्थाका कारण त्यस्तो उर्जाको प्राप्तिमा पनि बेला बेलामा मुलुक गंभिर संकटमा पर्दै आएको छ ।

विविध प्रकृतिका उर्जाको संभावना रहेको नेपालमा उर्जा संकट हुनुमा जैविक इंन्धनको उत्पादन एवं प्रयोग प्राथमिकतामा नपर्नु, वायु तथा सौर्य उर्जालाई पर्याप्त रुपमा विस्तार गर्न नसकिनु, विभिन्न स्थानको भौगर्भिक अध्ययनबाट संभावना देखिएका खनिज उर्जाको उत्खनन हुन नसक्नु, वनजंगलको तिब्र फडानीले गर्दा परम्परागत उर्जाको स्रोत नै मासिदै जानु, स्पष्ट रणनीतिक योजनाको अभावले गर्दा विद्युत विकास प्रयासहरूले अपेक्षित गति पाउन नसक्नु, विद्युत उत्पादन तथा वितरणका मुद्दालाई अत्यधिक राजनीतिकरण गरिनु, बृहत् उर्जा नीतिको अभाव, अन्य क्षेत्रमा जस्तै उर्जा क्षेत्रमा पनि सुशासनको पक्ष कमजोर रहनु नै प्रमुख रुपमा जिम्मेवार देखिन्छन् ।

नेपालमा रहेको Energy Crisis सम्बन्धी समस्या समाधानका लागि सर्वप्रथम दीगो सोचमा आधारित सुस्पष्ट उर्जा विकास नीति तर्जुमा गरी सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै गरी जलविद्युत उर्जा, जैविक उर्जा, एवं वैकल्पिक उर्जा उत्पादन एवं उपयोगमा जोड दिने, उर्जा विकासमा निजी तथा विदेशी लगानीलाई आकर्षित गर्ने, पूर्वाधार विकासमा जोड दिने, उर्जा मैत्री मावन संसाधनको विकासमा जोड दिने, विद्युत चुहावट नियन्त्रण गर्दै उर्जा खपतमा मितव्ययीता अपनाउने जस्ता कुरामा

Question Bank Nepal

ध्यान पुऱ्याउन सकेमा पक्कै पनि नेपालले हाल सामना गरिरहेको उर्जा संकटबाट मुक्ती पाउने छ ।

**नेपालको योजनाबद्ध विकासका समस्या -** (क) राजनीतिक हस्तक्षेप तथा शान्तिसुरक्षाको कमजोर स्थिति, (ख) सुशासनको अभाव तथा वित्तीय अनुशासनको अभाव, (ग) ठूला आयोजनाहरूको समय र लागतमा वृद्धि तथा स्रोतसाधनको चुहावट (घ) कर्मचारीको मनोबलमा कमी तथा राजनीतिक/प्रशासनिक प्रतिबद्धताको अभाव (ङ) स्रोत परिचालनमा नवीनताको अभाव तथा स्पष्ट नीतिगत व्यवस्थाको अभाव, (च) अस्पष्ट र अपूरो वैदेशिकसहायता नीति र कानुनी प्रावधानहरूको उल्लंघन आदि ।

(७) **वैदेशिक रोजगार भन्नाले के बुझिन्छ ? हरेक वर्ष असंख्य नेपाली युवाहरू रोजगारीका लागि विदेसिनुका कारणहरू लेख्नुहोस् । विदेशमा नेपालीहरूले सामना गर्नु परेको चुनौतीहरू उल्लेख गर्नुहोस् । (What do you understand by foreign employment? Write causes why many Nepalese youths go on abroad for employment every year. Mention challenges faced by Nepalese during employment on abroad.) (1+4.5+4.5) = 10**

**उत्तर :**

**वैदेशिक रोजगार (Foreign Employment)**

मुलुकको जनशक्तिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार अनुकूलको ज्ञान र सीप प्रदान गरी रोजगारीका अवसरहरूको प्रवर्द्धन गर्नु राज्यको प्रमुख दायित्व हो । मुलुकको सर्वाङ्गिण विकासका लागि राज्यले सर्वप्रथम स्वदेशमा नै रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी न्यूनीकरण गर्दै लैजानु पर्छ । स्वदेशमा नै सृजना गरीएका रोजगारीका अवसरहरूबाट मात्र मुलुकको जनशक्तिलाई रोजगारमुलक गराउन नसकिएमा आफ्नो मुलुकको जनशक्तिका लागि विदेशी राष्ट्रहरूमा रोजगारीका अवसरहरू पहिचान गरी आफ्नो जनशक्तिलाई विदेशी भूमीमा रोजगारमुलक गराउनुलाई नै वैदेशिक रोजगार (Foreign employment) भनिन्छ । नेपाल जस्ता बिकासोन्मुख मुलुकहरूका लागि वैदेशिक रोजगार रहर नभै बाध्यताको रुपमा रहेको पाईन्छ । देशमा विद्यमान गरिबी, बेरोजगारी आदिका कारण नेपालीहरू वैदेशिक रोजगारीका लागि खाडी लगायतका विभिन्न मुलुकहरूमा जाने गर्दछन् ।

नेपाल सरकारले समेत बेरोजगारी न्यूनीकरण गर्ने विकल्पको रुपमा वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमूलक बनाउन जोड दिदै आएको पाईन्छ । नेपालका लागि वैदेशिक रोजगारको क्षेत्र सदियौं वर्ष अगाडि खुला भएको पाइन्छ । विगत केही वर्षदेखि वैदेशिक रोजगारका लागि नयाँ नयाँ गन्तव्य मुलुकहरू देखापरेका छन् । नेपाल सरकारले हालसम्म १०९ देशहरू वैदेशिक रोजगारका लागि खुला गरिए तापनि अधिकांश नेपालीहरू मलेसिया, कतार, साउदी अरब, यूनाइटेड अरब इमिरेट्स, कुवेत, बहराइन, ओमन, दक्षिण कोरिया, जापान, युरोपेली युनियनका मुलुकहरू आदि देशमा वैदेशिक रोजगारका लागि जाने गरेको पाईन्छ ।

वैदेशिक रोजगारले राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणमार्फत ठूलो योगदान पुऱ्याउदै आए तापनि अधिकांश नेपाली कामदारहरू अदक्ष क्षेत्रमा काम गर्न गएको हुँदा उनीहरूले पाउने सेवा, सुविधा र पारिश्रमिक न्यून भएकोले जुन रुपमा विप्रेषण प्राप्त हुनुपर्ने हो सो हुन सकेको छैन । विप्रेषणवाट हुने वैदेशिक मुद्राको संचय वैदेशिक रोजगारको सकारात्मक पक्ष भए

Question Bank Nepal

पनि यो अस्थायी प्रकृतिको र आफ्नो नियन्त्रणमा नहुनाले देशको आर्थिक विकासमा यसको योगदान दिगो रहँदैनं । मुलुकको हालको वैदेशिक रोजगारमाथिको बढ्दो निर्भरतालाई कम गर्दै स्वदेशी रोजगारीलाई वृद्धि गर्दै लैजानु आजको आवश्यकता हो ।

**जनसङ्ख्या (Population)** - कुनै निश्चित स्थान र समयमा स्थायरुपले बसोबास गरिरहेको सम्पूर्ण मानिसहरूको सङ्ख्यालाई त्यस स्थानको जनसङ्ख्या (Population) भनिन्छ । अर्को शब्दमा, सङ्गठितरुपले आवद्ध जनसमूहलाई जनसङ्ख्या भनिन्छ । उदारहणको लागी नेपाल राज्यभरी स्थायीरुपले बसोबास गर्ने सम्पूर्ण मानिसहरूको सङ्ख्या नै नेपालको जनसङ्ख्या हो कुनै पनि स्थानमा बसोवास गर्ने जनसमूह जातिगत, भाषागत, सामाजिक, धार्मिक तथा सांस्कृतिक, आर्थिक आदि मूल्य मान्यताहरूमा विविधता भए तापनि एकापसमा मिलेर आ-आफ्नो आवश्यकता पुरा गर्न सामाजिक सङगठन निर्माणमा लागेका हुन्छन् । यसरी सामाजिक प्राणी भएकोले विविध जनसमूहका मूल्य-मान्यतामा विविधता हुँदाहुँदै पनि एकापसमा भातृत्व र सहयोगको भावना विकसित भएको पाइन्छ र उनीहरू सङ्गठित भएका हुन्छन् । त्यसैले एक अर्काप्रति सहयोगको भावना राखी सङ्गठित कार्यमा आवद्ध जनसमूहलाई त्यस ठाउँको जनसङ्ख्या भनिन्छ ।

**नेपाली युवाहरू रोजगारीका लागि विदेसिनुका कारणहरू**

हरेक आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या बढिरहेको पाईन्छ । यसरी हरेक वर्ष असंख्य नेपाली युवाहरू रोजगारीका लागि विदेसिनुका प्रमुख कारणहरू देहाय बमोजिम रहेको पाईन्छ :-

- कृषि प्रधान नेपालमा अशिक्षा, गरिबी एवं कुपोषणका कारणले कृषि क्षेत्रमा अदृश्य बेराजगारी व्याप्त रहनु,
- स्वदेशमा श्रमको मागको तुलनामा रोजगारीका अवसरहरूको अभिवृद्धि हुन नसक्नु,
- नेपाल सरकारले पनि गरिबी निवारणको एक उपायका रुपमा वैदेशिक रोजगारीलाई आत्मसात गर्नु,
- मुलुकमा सुमधुर श्रम सम्बन्धको विकासगरी स्वस्थ, सुरक्षित र मर्यादित श्रम बातावरणको सिर्जना गर्न नसक्नु,
- एकै प्रकृतिको कार्यमा पनि नेपालमा भन्दा विदेशमा बढी पारिश्रमिक तथा अन्य सुविधाहरूको व्यवस्था हुनु,
- स्वदेशमा कुनै व्यापार व्यवसाय गर्नका लागि आवश्यक रकम जुटाउन भन्दा वैदेशिक रोजगारीका लागि लाग्ने रकम जुटाउन सहज स्थिति रहनु,
- स्वदेशमै रोजगारीमा लागेका व्यक्तिलाई भन्दा वैदेशिक रोजगारीमा लागि पर्याप्त रेमिटान्स भित्र्याउने व्यक्तिलाई समाजले सम्मान, इज्जत गर्ने सामाजिक परिपाटी,
- आजको विश्वव्यापीकरणको युगमा स्वदेशमै खुम्चिएर बस्नुभन्दा विभिन्न विदेशी मुलुकमा विभिन्न बाहनामा रोजगारीका लागि नेपाली युवाहरू जान चाहने यथार्थता,
- नेपालीहरूको इमान्दारिता, लगनशिलता, साहसका साथ परिश्रम गर्न सक्ने क्षमताले गर्दा विभिन्न मुलुकहरूले नेपालका विभिन्न क्षेत्रका दक्ष तथा अदक्ष जनशक्तिको माग गर्नु,



Question Bank Nepal

- नेपाल सरकारले कृषिमा आधुनिकीकरण गर्दै कृषि क्रान्तिमा जोड दिने पर्याप्त कार्यक्रमहरू लागू गर्न नसक्नु,
- राज्यले बेरोजगारलाई दिने भनी संविधानमा उल्लेख गरेको बेरोजगारी भत्ता दिन नसक्नु,
- मुलुकमा आर्थिक मन्दी विद्यमान रहनु,
- नेपालहरूमा जसरी भएपनि पैसा कमाउने प्रतिस्पर्धामा वृद्धि हुँदै जानु,
- विदेशमा विभिन्न किसिमका रोजगारीका लागि सहयोग पुऱ्याउने ज्ञान, सीप एवं तालिम दिने संस्था स्वदेशमा दिनप्रतिदिन बढ्दै जानु,
- नेपालका सरकारी कर्मचारीहरूले असाधारण बिदा लिन पाउने कानुनी व्यवस्थाले गर्दा यस्तो विदा प्रयोग गरी कर्मचारी पनि वैदेशिक रोजगारमा जाने प्रवृत्ति,
- अनियन्त्रित तथा अव्यवस्थित जनसङ्ख्या वृद्धि तथा अनियन्त्रित बसाईसराई पनि नेपाली युवा रोजगारीका लागि विदेशिनुको एउटा कारण हो ।
- स्वदेशमा गर्न हिच्किचाउने कार्य नेपालीहरूले विदेशी भूमिमा गर्न कति पनि नहिच्किचाउने नेपाली युवाहरूको मनोवृत्ति आदि ।

**विदेशमा नेपालीहरूले सामना गर्नुपरेका चुनौतीहरू**

वैदेशिक रोजगारको सिलसिलामा विभिन्न विदेशी मुलुकमा गएका नेपालीहरूले विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको पाइन्छ । विदेशमा नेपालीहरूले वैदेशिक रोजगारका सन्दर्भमा सामना गर्नु परेका प्रमुख चुनौतीहरूलाई तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ :-

- वैदेशिक रोजगारीका सिलसिलामा विदेशमा गएका कतिपय नेपालीहरूले जुन कामका लागि भनेर लगिएको हो सो कामभन्दा न्यून स्तरको जोखिमपूर्ण कार्यहरू गर्नुपरेको स्थिति छ ।
- दलालहरूको फन्दामा परी भिसा लगायतका नक्कली कागजातहरू भरमा वैदेशिक रोजगारीका लागि विदेश जाँदा त्यहाँको कानुनी फन्दामा परी जेल जीवन बिताउनु परेको अवस्था पनि छ ।
- नेपाली महिला विदेशी भूमिमा देहव्यापार गर्न तथा यौन शोषण युक्त जीवन बिताउन बाध्य भएको पनि पाइन्छ ।
- नेपालीहरू वैदेशिक रोजगारका लागि गएका सबै मुलुकमा नेपाल सरकारको प्रभावकारी उपस्थितिको अभावले गर्दा कतिपय मुलुकमा नेपालीहरूले क्रानुनी तथा सरकारी संरक्षणको अभावमा विभिन्न समस्या झेल्नुपरेको पाइन्छ ।
- नेपाली कामदारहरू कतिपय अवस्थामा अन्य मुलुकका कामदारहरूसँग द्वन्द्व, झैझगडामा परी कारबाही समेत हुने घटना सुन्ने गरिन्छ ।
- न्यून वेतन तथा रोजगारदाताले वेतननै नदिएको कारण कति नेपालीहरू स्वदेश फर्कन लाग्ने रकमको अभावमा विदेशमै अलपत्र परिरहेको अवस्था छ ।
- वैदेशिक रोजगारमा गएका कतिपय नेपालीहरू झुठा मुद्दाहरूमा फस्न गई लामो कारावासको जीवन बिताउनु परेको समेत पाइन्छ । यसको उदाहरणको रुपमा गोविन्द मैनालीले झुठा मुद्दामा १५ वर्ष सम्म जापानको कारागारमा वस्नु परेको यथार्थतालाई लिन सकिन्छ ।



Question Bank Nepal

- विभिन्न बाहना बनाई पैसा कमाउने उद्देश्यले विदेशमा गएका युवा नेपालीहरूले आफ्नो उर्जाशील लामो समय सम्म शरणार्थीको रुपमा शरणार्थी क्याम्पमा बिताउन परेको अवस्था छ ।
- नेपाली कामदारले कठोर परिश्रम गरी कमाएको पैसा पनि विदेशमा नै लुटिने तथा ठगिने गरेको घटनाहरू पनि बेला बेलामा सुन्नमा आउँछ ।

अन्त्यमा, स्वदेशमा नै पर्याप्त रोजगारीका अवसरहरू नहुँदा विदेशी भूमिमा गई काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ । वैदेशिक रोजगार नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरूको जनताको रहर नभई बाध्यताको रुपमा रहेको छ । त्यसैले हरेक वर्ष नेपाली युवा युवतीहरू वैदेशिक रोजगारीका लागि असंख्य मात्रामा विदेशिने गरेको पाइन्छ । वैदेशिक रोजगारका लागि विदेशीएका नेपालीहरूले त्यहाँ श्रम शोषण, यौन शोषण, झुठा मुद्दा, न्यून वेतन, कानुनी संरक्षणको अभाव जस्ता चुनौतीहरूको सामना गर्नु परेको पाइन्छ । नेपाल सरकारले नेपालीहरू वैदेशिक रोजगारीका लागि गएका सबै मुलुकसँग श्रम सम्झौता गर्ने, दूतावासको व्यवस्था गर्ने, कानुनी संरक्षणको ग्यारेन्टी गर्न सकेमा विदेशमा नेपाली कामदारले सामना गर्नुपरेको चुनौतीहरूलाई निराकरण गर्न सकिने देखिन्छ ।

## खण्ड (Section) – B (अङ्क ३०)
## संवैधानिक व्यवस्था सरकार

**(८) लोकतान्त्रिक मूल्य मान्यताका बारेमा चर्चा गर्नुहोस् । (Discuss the democratic values and norms.)** **(5)**

**उत्तर :**

लोकतन्त्र शब्द नेपालको सन्दर्भमा नयाँ जस्तो लागे पनि यो कुनै नयाँ शब्द नभई प्राचीन समयदेखि प्रचलनमा रहेको Democracy नै हो, यस शब्दलाई २०६३ साल अगाडिसम्म नेपालीमा प्रजातन्त्र भनिन्थ्यो । लोकतन्त्र भनेको जनताले जनताको लागि सञ्चालन गर्ने शासन व्यवस्था हो । आर्को शब्दमा प्रत्येक वर्ग, समुदाय, सम्प्रदाय एवम् व्यक्तिहरूलाई देशको शासन सत्तामाथि समान अधिकार र पहुँच प्रदान गर्ने शासन प्रणालीलाई लोकतन्त्र भनिन्छ ।

कुनै जातजाति, समुदाय वा वर्ग विशेषको शासन नभई प्रत्येक वर्ग र समुदायका जनताको प्रत्यक्ष सहभागिता मा शासन सञ्चालन हुने शासन अर्थात लोकतान्त्रिक शासन व्यवस्थाका आफ्नै मूल्य मान्यताहरू रहेका छन् । लोकतान्त्रिक शासन व्यवस्थाका मूल्य मान्यताहरू लोकतन्त्रका आधारहरू हुन् जसको सक्रिय उपस्थितिमा मात्र लोकतन्त्रको अभ्यास सम्भव हुन्छ । त्यसैले लोकतन्त्रका आधारहरूलाई लोकतान्त्रिक मूल्य मान्यता पनि भन्ने गरिन्छ । केही लोकतान्त्रिक मूल्य मान्यता वा लोकतन्त्रका आधारहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

१. **प्रतिस्पर्धात्मक चुनाव** : यो लोकतन्त्रको सबैभन्दा प्रमुख आधार हो । प्रतिस्पर्धात्मक एवम् निष्पक्ष चुनाव विना सर्वसाधारण नागरिकको वास्तविक इच्छा, आकांक्षा एवम् आवश्यकताको प्रतिनिधित्व नै हुन सक्दैन, त्यसैले यदि लोकतान्त्रिक शासन व्यवस्थामार्फत जनतालाई शासनमा सहभागी बनाउने हो भने प्रतिस्पर्धात्मक चुनाव अपरिहार्य हुन्छ ।

Question Bank Nepal

२. **वाक् स्वतन्त्रता** : लोकतान्त्रिक शासन व्यवस्थामा प्रत्येक नागरिकलाई वाक् स्वतन्त्रता हुनुपर्दछ । नागरिकले आफूलाई लागेका कुराहरू स्वतन्त्रतापूर्वक सरकार एवम् सरोकारवला पक्ष समक्ष राख्न पाउने अवस्था हुनुपर्दछ ।

३. **बहुमतको शासन** : लोकतन्त्र भनेकै प्रतिस्पर्धात्मक एवम् निष्पक्ष चुनावका माध्यमबाट जनताको बहुमत प्राप्त राजनीतिक दलले शासन सञ्चालन गर्ने व्यवस्था हो । त्यसैले साँचो अर्थमा लोकतन्त्रको अनुभूतिका लागि बहुमतको शासन हुनुपर्दछ ।

४. **अल्पमतको कदर** : लोकतन्त्रको आधारका रुपमा बहुमतको शासन भएता पनि अल्पमतको समेत कदर गर्दै शासन सञ्चालन गर्नुपर्दछ ।

५. **समावेशीकरण** : अर्को लोकतान्त्रिक मूल्य मान्यतामा रुपमा समावेशीकरण रहेको छ । लोकतन्त्रमा सबै वर्ग एवम् समुदायको प्रतिनिधित्व हुने कुराको सुनिश्चितता हुनुपर्दछ । अर्थात् पिछडिएको क्षेत्र एवं उत्पीडित, सीमान्तकृत र राज्यको मूल प्रवाहीकरणमा नआएका पक्षलाई पनि समावेश गरी शासन सञ्चालन गर्नुपर्दछ ।

६. **सकारात्मक विभेद** : सकारात्मक विभेद पनि महत्वपूर्ण लोकतान्त्रिक मूल्य मान्यता हो । लोकतान्त्रिक शासन व्यवस्थामा समानताको सिद्धान्तका आधारमा राज्यबाट प्राप्त हुने सेवा सुविधा प्राप्त गर्न नसक्ने वर्ग जस्तै महिला, दलित, आदिवासी, जनजाति तथा मधेशीका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्दछ भन्ने मान्यता नै सकारात्मक विभेद हो ।

७. **कानूनी शासन** : जहाँ संवैधानिक सर्वोच्चता एवम् कानूनी शासन छैन त्यहाँ लोकतन्त्रले विकास र निकास दुवै पाउँदैन त्यसैले कानूनी शासन पनि लोकतान्त्रिक शासन व्यवस्थाको एक महत्वपूर्ण पक्ष हो ।

८. **पारदर्शिता र जवाफदेहिता** : लोकतन्त्र भनेको असल शासन सुशासनको जननी हुन्, सुशासनका लागि पारदर्शिता एवम् जवाफदेहिता नभई नहुने आधारशीला हुन् । त्यसैले सच्चा लोकतन्त्रमा पारदर्शिता र जवाफदेहिताको सुदृढ व्यवस्था हुनुपर्दछ ।

९. **मानव अधिकारको सुरक्षा** : लोकतन्त्रमा प्रत्येक व्यक्तिले मानव भएका नाताले मानवको सम्मानपूर्वक जीवन यापन र वृत्ति विकासका लागि आवश्यक पर्ने सम्पूर्ण अधिकार र सम्मानजनक रुपमा उपभोग गर्न पाउने सुरक्षित वातावरण राज्यले तयार गरिदिनुपर्दछ ।

यसरी माथि उल्लेखित लोकतान्त्रिक मूल्य मान्यताका अलावा विकेन्द्रीत शासन, न्यायिक स्वतन्त्रता तथा सामाजिक न्याय जस्ता अन्य लोकतन्त्रका मान्यताहरूले पूर्णता पाउन सकेमा मात्र कुनै पनि देशको शासन व्यवस्था लोकतान्त्रिक हुन सक्दछ र देशका नागरिकको राज्यको सच्चा मालिक भएको आभाष गर्न सक्दछन् ।

**विकेन्द्रीकरण (Decentralisation)** - माथिल्लो तहमा रहेको शासनाधिकार जनहितका लागि सार्वजनिक सेवा तथा वस्तुको विकास एवम् प्रभावकारी वितरण गर्नुपर्ने दायित्व पूरा गर्न तल्लो तहमा अधिकार दिने प्रक्रियालाई विकेन्द्रीकरण भनिन्छ । विकेन्द्रीकरणका विभिन्न रूपहरू जस्तो- अधिकार प्रत्यायोजन (Deligation) अकेन्द्रीकरण वा छरौट, निक्षेपण वा अधिकार हस्तान्तरण र निजीकरण (Privaatization) मध्ये निक्षेपणलाई सबभन्दा बढी प्रजातान्त्रिक र जनताप्रति उत्तरदायी मानिन्छ । शासन सञ्चालनका क्रममा

Question Bank Nepal